नेपाल सरकार
# कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
(.................................................. शाखा)

प.सं. :
च.नं. :

सिंहदरबार, काठमाण्डौ

## प्रेस विज्ञप्ति

नेपाल सरकारले यस वर्षको मानव अधिकार दिवस (डिसेम्बर १०, २०२१) को अवसरमा नेपालमा मानव अधिकारको क्षेत्रमा उल्लेखनीय काम गर्ने व्यक्ति र संस्थालाई कदर गर्ने उद्देश्यले व्यक्तितर्फ अधिवक्ता श्री शैलेन्द्र प्रसाद हरिजन (शुद्धोधन गाउँपालिका-६, कपिलवस्तु) र संस्थातर्फ श्री शक्ति समूह, काठमाडौंलाई मानव अधिकार पुरस्कार प्रदान गर्ने घोषणा गरेको थियो।

यस मन्त्रालयले नेपाल सरकारको तर्फबाट मानव अधिकार पुरस्कार, २०७८ प्रदान गर्न काठमाडौंमा माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री दिलेन्द्र प्रसाद बडुज्यूको अध्यक्षतामा मानव अधिकार पुरस्कार वितरण समारोह, २०७८ सम्पन्न गरेको छ । उक्त समारोहको प्रमुख आतिथ्यता सम्माननीय प्रधानमन्त्रीज्यूले गर्नु भएको थियो र अतिथिमा प्रतिनिधिसभा, कानून, न्याय तथा मानव अधिकार समितिका माननीय सभापति, विभिन्न संवैधानिक निकायका प्रमुखज्यूहरु, महान्यायधिवक्ता, सर्वोच्च अदालतका मुख्य रजिष्ट्रार, नेपाल सरकारका सचिवहरुको उपस्थिति रहेको थियो । साथै नागरिक समाजका प्रतिनिधिहरु, मानव अधिकारकर्मीहरु एवं पत्रकारहरुको पनि उल्लेखनीय उपस्थिति रहेको थियो ।

मानव अधिकार पुरस्कार वितरण समारोह, २०७८ मा सम्माननीय प्रधानमन्त्रीजयूले व्यक्तितर्फ अधिवक्ता श्री शैलेन्द्र प्रसाद हरिजन (शुद्धोधन गाउँपालिका-६, कपिलवस्तु) र संस्थातर्फ श्री शक्ति समूह, काठमाडौंलाई मानव अधिकार पुरस्कार प्रदान गर्नुभयो । पुरस्कृत व्यक्ति अधिवक्ता श्री शैलेन्द्र प्रसाद हरिजन र संस्था श्री शक्ति समूह, काठमाडौंको तर्फबाट श्री चरिमाया तामाङ्गले नेपाल सरकारलाई आभार व्यक्त गर्दै यस पुरस्कारबाट मानव अधिकारको क्षेत्रमा कार्य गर्न थप ऊर्जा प्राप्त भएको उल्लेख गर्नु भयो ।

मन्तव्यका क्रममा सम्माननीय प्रधानमन्त्रीज्यूले पुरस्कृत व्यक्ति र संस्थालाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्नु भयो। उहाँले यस वर्षदेखि यो पुरस्कार नियमित रुपमा प्रदान गर्दै जाने नीति नेपाल सरकारले लिएको समेत बताउनु भयो। साथै मानव अधिकारको सम्मान, संरक्षण तथा प्रवर्द्धनलाई संस्कृतिको रुपमा विकास गर्न सबैको सक्रिय योगदान रहोस् भन्ने कामना समेत गर्नु भयो । कार्यक्रमका अध्यक्ष माननीय मन्त्रीज्यूले पुरस्कार प्राप्त गर्ने व्यक्ति र संस्थालाई बधाई दिँदै मानव अधिकारको सम्मान, संरक्षण तथा संवर्द्धनमा सदै अग्रसर रुपमा लागिरहन सम्वद्ध सबैमा अनुरोध गर्नु भयो ।

२०७८ पुष १८ गते

(फणीन्द्र गौतम)
सहसचिव एवं प्रवक्ता

फोन नं.:४-२११९८७, ४२००२२५, ४-२११६३०, ४२१११८४, ४-२११७०२, ४-२११६३६, ४-२११८७२, ४-२११७२७
फ्याक्स नं.: ४२११६८४

Scanned with CamScanner